# प्रदेश सभा

## सुदूरपश्चिम

२०७६/०४/२६

चौथो अधिवेशन

(३३औं वैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको चौथो अधिवेशनको ३३औं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरू,**

अब शून्य समय शुरु हुन्छ ।

३. **माननीय सदस्यहरू,**

सुदूरपश्चिम प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम सार्वजनिक महत्वको समसामयिक विषयमा बोल्न शून्य समय माग भई आएकोले उक्त समय निर्धारण गरेको छु । शून्य समयमा बोल्ने प्रत्येक माननीय सदस्यहरूको लागि ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम **माननीय महेश दत्त जोशी**

**माननीय महेश दत्त जोशी :–** माननीय सभामुख महोदय, सुदूर पश्चिम प्रदेशमा अहिले संख्यात्मक हिसाबले वैङ्क वित्तिय सस्थाहरु धेरै संख्यामा देखिन्छन एउटै घरमा दुइ दुइ तिनतिन वटा वैङ्कका साइन वोर्ड पनि देखिन्छन  अहिले कतिपय वैङ्कहरु सुदूर पश्चिम प्रदेशको धनगढी वजारमा मात्रै देखिन्छन अहिले पनि गाउँपालिकामा वा नगरपालिकामा वैङ्कको षेवा पुग्न सकेको छैन । वडास्तरमा त परैजाओस कतिपय पालिकाहरुमा अहिलेपनि अप्ठेरो स्थिती भएको छ र पालिका हरुले वृद्ध भत्ता लगायत सामाजिक सुविधा भत्ताहरु वैङ्क मार्फत दिनेभन्ने नितिगत कुरा हुँदा पनि वैङ्क नभएर यो ठुलो समस्या भएको छ । यसको लागि सुदूर पश्चिम प्रदेश सरकारले यसको यथोचित व्यवस्ताको लागि वैङ्क हरुको वैठक वोलाएर वैङ्क हरुलाइ निर्देशन दिनेकाम गरोस संविधान प्रदत्व अधिकार हो वैङ्क हरुले अहिले चर्को व्याज लगायने र किसान हरुको ढाँण सेक्ने, आवस्यक चिजमा नदिने अनावस्यक विलासिताको खरिदमा जग्गा खरिदमा  जस्ता अनउत्पादक क्षेत्रमा लगानि लगाउने गरेको छ यो वैङ्क हरुलाइ नियमन गर्न संघिय सरकारले कमजोरि गरिरहेको अवस्तामा राष्ट्रवैङ्कको नजर नपुगिरहेको अवस्तामा प्रदेश सरकारले सम्वन्धित वैङ्क हरुलाइ तत्काल सचेत गराओस उनिहरुको वैठक गराएर तत्काल राष्ट्र र जनताको सेवामा लाग्न र वैङ्क हरुलाइ कालो धन लुकाउने संस्थाको रुपमा होइन वैङ्क हरु जनताको सेवाको लागि खोलिएका हुन भन्ने कुरालाइ प्रमाणित गर्न वैङ्क हरुले जनताको सेवा गर्नु पर्छ । कतिपय वैङ्कहरु विदेशि कालोधन लुकाउने संस्थाको रुपमा भए भनेर जनताको सेवा नगरिरहेको अवस्था देखिएको छ । त्यस्तै प्रकारले वित्तिय संस्थाको रुपमा यो विमा हरु साधनको विमा गर्नेकुरा जो छ गाडि मोटर हरुका विमा गर्ने तर विमा भुक्तानि नगर्ने ठुलो समस्या देखिएको छ । त्यसमा उपभोक्ताहरु मारमा परेका छन विमाको पैषा वर्षेपिछे उनिहरुले भुक्तानि गर्छन तर केहि समस्या पर्दा दुर्घटना हुदा विमा भुक्तानि सहजै पाउदैनन् । विमा छेत्रमा पनि ठुलो अनियमितता तथा ठुलो भ्रष्टाचार देखिएको छ र यसलाइ प्रदेश सरकारले आफ्नो कार्यक्षेत्रमा ल्याओस । यसको उचित समाधान निकालेर जनताको सेवामा विमा कम्पनि र वैङ्क हरुलाइ लगाओस र भन्दै गर्दा संघिय सरकारको नियन्त्रणमा रहेका कतिपय संस्थाहरुमा विकृति देखिएको छ अहिले पनि भन्सार छलि भएर सुदूरपश्चिम प्रदेश भित्र कतिपय हार्डवेरका सामानहरु कतिपय महत्वपुर्ण इन्जनहरु, औषधिहरु, खाध्यान्न हरु अहिले भित्रिरहेको छ विसादि रोक्ने नाउमा अहिलेपनि विशादि युक्त खाध्यानहरु भित्रिरहेको छ । खुला सिमानाका कारणले यस्तो भैरहेको छ । यसमा सतर्कता अपनाउन प्रदेश सरकारको ध्यान जाओस भन्सार छलिलाइ तत्काल रोक्नुपर्छ भन्ने अनुरोध गर्न चाहान्छु । अर्को महत्वपुर्ण विषय भनेको यो पशुहरुको उपचार गर्ने औषधि र कृषि क्षेत्रमा पर्योग गरिने विसादि एउटै पसलवाट विक्रि भैराखेको छ र एउटै पसलवाट यो दुइवटा चिज विक्रि हुनुहुदैन एउटा कृषिक्षेत्रको विशादि र पशु उपचारको औषधि फरक फरक कुरा हो सभामूख महोदय, अहिले पनि सल्फास भन्ने एउटा औषधि छ अहिले त्यो पर्योय गरेर धेरै ठाउमा आत्माहत्या गर्ने धेरै प्रवृति विकृति वढेको छ यो सल्फास भन्ने औषधिलाइ तत्काल पर्तिवन्ध लगाइयोस भन्ने मेरो माग छ । हिजो मात्रै मेरोक्षेत्रमा सल्फास खाएर आत्म हत्यागरेका छन यस्तो तमाम घटनाहरु भैराखेका छन यो तत्काल सल्फास भन्ने औषधिलाइ विकल्प खोजेर यसलाइ पर्तिवन्ध गर्नुपर्छ र कृषिजन्य औषधि र पसुजन्य औषधिको फरक फरक पसलवाट विक्रि हुने व्यवस्था हुनु पर्यो यो व्यवस्था प्रदेश सरकारले गरोस भन्ने मेरो मान्यता छ । अर्को यो महत्वपुर्ण गाइ गोरु र वाच्छा  हरुको व्यवस्था एउटा पालिकाले नसक्ने अवस्थामा प्रदेश सरकारले वजेट विनियोजन गरेको छ यसको

व्यवस्तापन गरोस र यो काठ दाउरा आपुर्तिको समस्या देखिएको छ प्रदेशसरकारले तत्काल काठ दाउरा आपुर्तिका लागि व्यवस्था गरोस र वैज्ञानिक वनका नाममा ठुलो भ्रष्टाचार भैरहेको छ ठुला ठुला वनहरुलाइ रोकेर सामुदाइक वन को आपुर्तिको लागि काठ संकलन वढिभन्दा वढि आपुर्ति प्रदेश सरकारले दिनु पर्छ प्रदेश सरकारले अहिले हावा हुरिमा ढलेका काठ हरुलाइ संकलन गर्ने अनुमति वन मन्त्रालय मार्फत तत्काल दिनु पर्छ । यसले जनताको दैनिक समस्याहरु सृजना भएको छ । अहिले लास जलाउन पनि काठ नपाइने अवस्था सृजना भएको छ । एकातिर भने अर्कोतिर तस्कर हरुले काठ याहाँवाट प्रदेश वाहिर लगेको कुरा व्यापक रुपमा आइरहेको अवस्थामा यसमा प्रदेश सरकारको ध्यान जाओस भन्ने माग गर्दै बिदा हुन्छु हवस्त धन्याबाद ।

**मा० भरत वहादुर खड्का :–** माननीय सभामुख ज्यु, डोटि जिल्लामा करिव करिव ४–५ महिनाको अन्तरालमा ३ वटा वडा कार्यालय हरु जलाइएको छ र विप्लव नामको पार्टिको नाममा कतिपय कुराहरु खाएको छ अव नेपालि जनताले हिँशा थेग्न सक्दैन र सरकारले पनि वतावरण बनाएर विप्लप समुहलाइ मुलधारमा ल्याउनु पर्छ र वार्तावाट यो समस्याको सामाधान गर्नुपर्छ केहि महिना अगाडि वडिकेदारमा एउटा माण्डा कापडि एउटा वडा पोलियो वडा कार्यालय पोलियो त्यस्तै जोरायल गाउँपालिकामा अर्को वडा कार्यालय पोलियो र अहिले आएर सिखर नगरपालिकाको वाड न. ७ मा अर्को वडा कार्यालय पोलिएको छ विप्लपका नाममा मात्रै छैन त्यहाँ अरुकुरापनि आइरहेको छ सभामुख महोदय त्यसैले यो गम्भीर विषय हो अव यो रोग लाग्यो भने सवै जनपर्तिनिधिका वडा कार्यालय हरु पोलिन थालियो भने त्यसले भोलि कुन अवस्था ल्याउन सक्छ यसतर्फ प्रदेश सरकार चनाखो हुनु पर्‍यो छानविन भित्र ल्याउनु पर्छ वास्तविक केहो यो मेरो माग छ अर्कोकुरा यो मिडियामा पनि आइसकेको छ । केहि महिना अगाडि कञ्चनपुर र कैलालीमा हावा हुरीले धेरै नोक्सान वनाएको छ र केहि महिना अगाडि कञ्चनपुर र कैलालीमा हावा हुरीले धेरै नोक्सान वनाएको छ । र मलाइ लाग्छ राहात दिने कुराहरुमा राहातहरु पुगिराखेको छैन भन्ने खवरहरु आइराखेको छ । वास्तविक पिडितले राहात पाउनुपर्छ सभामुख महोदय, यसतर्फ पनि प्रदेश सरकार चनाखो हुदैजानुपर्छ । सक्रियताका साथ वास्तविक पिडितले पनि राहत पाउनु पर्थ्यो, पाउनु पर्नेहो त्यो राहात पाउनु पर्छ भनेर पनि म भन्न चाहान्छु । यो हिजो आज अर्को मिडियामा आएको छ । आन्तरिक मामिला तथा कानुन मन्त्री ज्यूको वारेमा यो नागरिक दैनिकका विरवहादुर छत्याल ज्यु का विचमा जुनकुरा यो मिडियामा आएको छ । यो अत्यन्त दुःख लाग्दो कुरा आएको छ यदि त्यो हो भने किन भन्दाखेरि सुचनाको प्राप्त गर्ने हक हरेक नागरिकलाइ हुन्छ । त मिडियालाइ त सोभाविक रुपमा हुन्छ र मिडियालाइ आज संविधानमा यो राष्ट्रको चौथो अंगका रुपमा पुर्ण स्वतन्त्रताको समेत हामिले व्यवस्था गरेका छौ । त्यसैले गर्दा सरकारमा वसेका मन्त्री ज्युहरु जो जिम्मेवार पदमा वस्नु भाको छ । र भाषा सैली देखी सवैलाइ भरौसा दिलाउनु पर्छ सवैको सरकार वनाउन सक्नु पर्छ । कुनै पनि मानसिक रुपमा कसैलाइ टेन्सन दिनु हुदैन मलाइ विस्वास छ यदि त्यो भएको हो भने यो दुख लाग्दो कुरा हो यसको जवाफ आन्तरिक तथा कानुन मन्त्रीज्युले दिनुपर्छ यदि यस्तो होभने यो दुःख लाग्दो कुरा हो यो हुनु हुदैन पेषागत रुपमा मिडियालाइ हामिले सम्मान गर्नुपर्छ मिडियाका साथिहरुले पनि आफ्नो पेषागत रुपमा त्यो मर्यादामा वसेर समाचार सम्प्रेषण गर्नेकाम गर्नुपर्छ । भन्ने मेरो माग छ । र अर्को कुरा यो धनगढीमा यति गर्मिछ यस्तो अवस्थामा मान्छे छट्पटाइ राखेका छन विद्युतको अवस्ता दैनिय छ । पटक पटक विद्युत जानेगरेको छ त्यसैले गर्दा यो तिरपनि हाम्रो ध्यान गएन किन त केहो त समस्या प्रदेशको राजधानिमा दिनको सयौ पटक विद्युत जाने गरेको छ त भने त्यसतर्फ पनि सरकारको ध्यान छैन सभामुख महोदय, त्यसैले गर्दाखेरी यसतर्फ पनि सरकारको ध्यान जान जरुरि हुनुपर्‍यो पटक पटक विद्युत गैराखेको छ समस्या केहो काहाँनेर काहाँको जनशक्ति कमजोर छ कि विद्युतै पुगेको छैनकि त्याहाँको व्यवस्थापन कमजोर छकि यसको वारेमा विगतमा पनि साथि हरुले यो सम्मानित सदनमा कुरा उठायो कुनै सुनुवाइ भएन यसको लागि छिटो भन्दा छिटो केहो त समस्या केहो त्याहाँको वास्तविकता त्यो कुराको पनि खोजविन हुन जरुरि छ शान्ती सुरक्षाका कुराहरुमा वजार नियमन् गर्ने कुराहरुमा प्रदेश सरकार आइ सकेपछि त्यो खालको अनुभुति हुन जरुरि छ र आज भ्रष्टाचारका कुराहरु पनि वढेका छन तलदेखि माथिसम्म सभामुख महोदय त्यसैले गर्दा यसलाइ कसरि न्युनिकरण गर्ने यदि यहि रुपमा जाने हो भने गणतन्त्र अनि लोकतन्त्र पनि धरापमा पर्नसक्छ । जनताले परिवर्तन खोजेका हुन र आफ्नो सम्वृद्धि खोजेका हुन र यदि प्रदेश सरकारपनि हाम्रो माझमा छ हामिहरुको साथमा छ भन्नेखालले प्रदेश सरकार अगाडि वढ्नु पर्छ भन्नेकुरा राख्दै विदा हुन्छु धन्यवाद ।

**मा० मान वहादुर सुनार :–** माननीय सभामुख महोदय, यो दोधारा चाँदनि नगरपालिकाले, त्यहाँ दार्चुलामा पनि माहाकली नगरपालिका भएको र दोधरामा पनि माहाकालि नगरपालिका भएको र दुइवटै वाजिएकाले माहाकाली नगरपालिकाबाट सर्वसम्त रुपले दोधराचादनि नगरपालिका राखियोस भनि निर्णय गरेर पठाइएको थियो । त्यहाँवाट आएको निर्णय याहाँ हाम्रो प्रदेशवाट पनि सर्वसम्मत रुपले यसमा संघमा पठाएको अहिले सम्मपनि कुनै निर्णय भएर नआइ सकेको कारणले निर्णय भएर नआएको हुँदा यो सम्माननीय सदनमा सभामुख मार्फत त्यो काहाँ के भएको छ त्यो यथासिग्र आओस भन्ने माग गर्दछु र त्यसका साथसथै त्यो २०,२१ गतेको व्यापक ठुलो वर्षाले गर्दाखेरि दार्चुलावाट वग्दै आउने पानिले हाम्रो दोधरा चादनिको २,३,७ ,८र १० नम्वर वडाको निकै ठुलो क्षेति पुगाएको छ । त्यो क्षेति पुगाए वाफत अव यो संघिए सरकार र प्रदेश सरकारले कसरि यो त्यसलाइ क्षेतिपुर्ति दिने त्यसको पनि एउटा माग राख्न चाहान्छु  त्यसका साथसथै याहाँ हावा हुरिले त्यतिवेला कन्चनपुर कैलाली लगायत सम्पुर्ण देशमा गएको हावाहुरिले नोक्सान वनाएको  थियो त्यसको पनि कतै जनतालाइ राहत नभएको कारणले त्यो राहत पनि प्रयाप्त हो भन्ने त्यो पनि माग राख्न चाहान्छु । त्यस्तै गाइगोरुले वहुत ठुलो समस्या भएको छ किसानले लगाएका खेति उनिहरुले खान पाएका छैनन् सम्पुर्ण गाइगोरु आएर दिनभरि वजारमा वस्ने राति गएर सव खेति नस्टपरिदिने खाइदिने भएका कारणले साँझ किसानहरु एकदमै आपतमा छन त्यसको कसरि व्यवस्था गर्न सकिन्छ । त्यो पनि तपाइको संघ सरकार र प्रदेश सरकारले कसरि चै न्युनिकरण वा समस्या समाधान गर्न सकिन्छ त्यसको पनि समाधान होस भन्ने कुरा राख्न चाहान्छु त्यस्तै विमा वैङ्क सम्वन्धी जतिपनि कुराहरु उठे त्यो वास्तविक रुपले तपाइको गाउँ गाउँमा चाइने वैङ्क हरुपनि पुगुन ब्याज पनि स्थिर रुपले जाओस र सरकारि वैङ्क र प्राइभेट वैङ्कमा यतिठुलो फरक हुदो रहेछ कि प्राइभेट वैङ्कले लाखौ लाख करोडौ रुपयाँ चाहि वढी उठाउँदा रहेछन त्यसो भएका कारणले त्यस्तो वैङ्क हरुलाइ पनि अलि यो व्याजको पनि समस्या समाधान होस भन्ने माग राख्दै समग्रको विकासको माग राख्दै विदाहुन्छु हवस्त धन्यावाद ।

**मा०.मालामती कुमारि राना :–** माननीय सभामुख महोदय, कैलाली जिल्लाको कैलाली कञ्चनपुर जिल्लामा जेठ महिनामा भन्नाले २,३ महिना वित्न लाग्यो हावाहुरि आएको थियो त्यो हावा हुरिले धेरै जनधनको क्षेति पुगाएको थियो धेरैजनाको घरगोठमा क्षेति पुगाएको थियो । अनि अहिले सम्मपनि प्रदेश सरकारले त्यसको कुनै व्यवस्ता गरिएको छैन त्यो धनजनको क्षतिको प्रदेश सरकारले तुरुन्त राहनत क्षतिपुर्तिको व्यवस्था गरियोस त्रिनगर भन्सारदेखि अत्तरिया सम्म ६ लाइनको सडक ज्यानमारा सडक भईसकेको प्रमाणित भएको छ । पटक पटक ६ लाइन सडकमा घटना भईरहेको हामि सवैलाइ अवगत भइरहेको कुरा हो भरखरै ट्याम्पो र जिप दुरघटना हुदा २ जनाको ज्यान गएको छ मृत्यु भएको छ र थुप्रैजना घाइते भएका छन मृतक प्रति म चाहिँ श्रदान्जली व्यक्तगर्न चाहान्छु र मृतक परिवार प्रति समवेदना प्रकट गर्न चाहान्छु तर जुन यो ठेकेदार जुन कम्पनि छ ६ लेनको ठेकेदार कम्पनि कुनदेशमा गएर सुतिरहेको छ  र त्यो ६ल्यान सडकको वनावट र मर्मतमा उसले कुनैपनि ध्यान दिएको अवस्था छैन त्यसकारण त्यो ठेकेदारलाइ प्रदेश सरकारले तुरुन्त कार्वाहि गरोस र मृतक र घाइते जुन उपचार गराइरहेका छन त्यसको लागि प्रदेश सरकारले क्षेति पुर्तिको व्यवस्था  गरियोस र गाइगोरुको वारेमा हरेक जिल्ला याहाँदेखि लिएर चितवन सम्म मैले देखे एकदमै नोक्सान पुगाइरहेको अवस्ता छ भरखरै किसान हरुले धान रोपेका छन ति धानहरु सबै उनिहरुले खाएर नोक्सान पुगाइराखेको छ त्यसकारण यसको व्यवस्था कसरि हुन्छ नगरपालिका एक्लैले सक्दैन भने प्रदेश सरकारले पनि त्यसको व्यवस्था गरियोस यो चाहि तुरुन्त प्रदेश सरकारले यसको व्यवस्था गरोस नत्रभने भोलिको दिनमा प्रदेश सरकारले चाहिँ किसान हरुको क्षतिपुर्ति वेहोर्न वाध्यनहोस भन्न चाहान्छु दोस्रो कुरा आज हाम्रो यो विधेयक जुन पास हुदैछ हुन त हाम्रो माननीय ज्युले वोल्नुहुन्छ तरपनि केहि म यसमा १६ वुदाहरु छन यो सन्शोधनको लागि यो प्रदेशको लागि प्रदेश न. ७ को सट्टामा आज सन्शोधन सुदूरपश्चिम नाम हामिले जुन गर्न गईरहेका छौं । मेरो अनुरोध छ यो नाम प्रदेश ७ न. को नाम ७७ ओटै जिल्लाका ब्राह्मणहरुले सुझ वुझका साथ यो नाम राखिएको छ सभामुख महोदय अनि सुदूरपश्चिमको नाम केहि २,३ जनाले ब्राह्मणहरुले राखेको नाम यो उचित नाम छैन  यो नामले सुदूरपश्चिम प्रदेशलाइ खतराको घण्टि दिइराखेको छ । त्यसकारण ९ जिल्लाका ब्राह्मण र ९ जिल्लाका जनतासंग सरसल्लाह गरेर नाम राखेको भए यो नाम एकदम पुण्य हुने थियो त्यसकारण यसमा पनि हाम्रो प्रदेश सरकार सभामुख मार्फत म ध्यानाकर्षण गराउन चाहान्छु । यसमा विचार गरियोस धन्यावाद

*(बोलिसके पछि)*

४. **माननीय सदस्यहरू,**
आजको शून्य समयमा बोल्ने समय यँहि समाप्त हुन्छ ।

५. **माननीय सदस्यहरू,**

अब, **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

६. **माननीय सदस्यहरू,**
अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।
**माननीय प्रकाश बहादुर शाह :–** माननयि सभामुख महोदय **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ वमोजिम सामान्य छलफल गरियोस भनि यो प्रस्ताव पेश गस गर्दछु धन्यावाद

**(प्रस्ताव पेस भएपछि)**

७. **माननीय सदस्यहरू,**

अब, म **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** माथि बीचार गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** माथि बीचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

*(घोषणा पछि)*

८. **माननीय सदस्यहरु,**

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।
सर्वप्रथम **माननीय महेश दत्त जोशी**लाई समय दिन्छु ।

**माननीय महेश दत्त जोशी :–** माननीय सभामुख महोदय **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** यो अति आवस्यक भईसकेको थियो हामिले पास गरेका ऐन हरुमा खासगरि प्रदेशको नामका सम्बन्धमा अन्योलको स्थिति सृजना भएको थियो प्रदेशको नाम र राजधानि यो सदनले पारित गर्नुभन्दा पहिले केहि ऐनहरु पारित भईसकेका लागु भैसकेका ऐन हरुमा ७ नं. प्रदेश भनेर उल्लेख गरिएको थियो । यो कुरा सदनले पासगरेको रजतमा प्रकासित भएको र प्रदेश प्रमुखले प्रमाणित गरेका ऐन हरुलाइ गरिमामय सदनले परिवर्तन नगरिकन आफुखुसि कसैले पनि परिवर्तन गर्न नसक्ने जटील अवस्थामा यो ऐन आएको छ र यो ऐन सान्र्दभिक छ र यो छोटो वाटो वाटै पारित हुनुपर्छ भन्ने मेरो अनुरोध छ सभामुख महोदय खासगरि नामकै सन्र्दभमा र अलिकति अरु

विधेयकमा आएको छ सुदूरपश्चिम प्रदेश हाम्रो ७ न. प्रदेशको नामाकरण गरिएको छ राजधानि निर्धारण गर्ने र ठाउँ तोक्ने समिति यो गरिमामय सदनले यो बनाएको थियो त्यो समितिको प्रस्तावमा त्यो समितिको मस्यौदामा व्यापक छलफल गरेर सुदूरपश्चिमि जनताले सुदूरपश्चिम प्रदेशका जनप्रतिनिधिले र सरोकारवाला व्यक्ति हरुले याहाँका नेतृत्वदाइ अगुवा नेताज्युहरुले सुदूरपश्चिम प्रदेश नै ठिक छ भन्ने आइ सकेपछि हाम्रा मनमा पनि राम्रा राम्रा नामहरु फुरेका थिए कतिपय जनताको जनजिब्रोमा आएका नामहरु आएका थिए हामिले भनेका थियौ सेती माहाकालि नाम राखौ दुइवटै नदिको नाम आउँछ कतिपय वेला सिमाना भएको नदी हो माहाकाली नामराखौ भन्नेपनि आएको थियो सिमामा नदी छ पुर्वमा मेचि भएजस्तै पश्चिममा माहाकाली छ माहाकाली यसको नाम राखौ कतिपय साथिहरुले खप्तड राखौं प्रकृतिक स्रोत हो भने कतिपयले शुक्लाफाटा पनि भनेका थिए कतिपय साथि हरुले घोडा घोडी नाम राखौं भनेका थिए कतिपय साथिहरुले थरुवान नाम राखौ भनेका थिए कतिपय साथिहरुले खसान नामराखौ भनेर भनेका थिए धेरै यो भन्दापनि बढी नामहरु आएका थिए तर सवैको सर्वसह्मत सहमति के भयो भने सवैदलको सुदुरपश्चिमकै नाममा हामि अहिले सम्म थिचो मिचोमा पर्‍यौ राजधानि देखि सुदुरपश्चिमकै नामले हामि राजधानिवाट हेपियौ सायद ३६ सालको विद्यार्थी आन्दोलन पछि सुदूरपश्चिमले काठमाण्डौं पनि हाम्रो हो भन्ने वुझेको हो ३६ सालको विद्यार्थी आन्दोलनले जव ३८ सालमा जनमत गराइयो केरे ३६ सालमा जनमत संग्रहमा हारेपनि ३८ सालमा सुधारिएको पन्चायति व्यवस्था मार्फत राष्ट्रिय पञ्चायतको सदश्यहरु चुन्ने जब भोटको अधिकार पर्योग गर्ने अवसर पायो त्यति वेला काठमाण्डौ हाम्रो हो भन्ने सुदुरपश्चिम वासिलाइ अलिकति अनुभुति भएको हो नत्र त्यो भन्दा पहिले काठमाण्डौ जानेलाइ नैपले भन्ने चलन थियो कोहिकोहि मान्छे काठमाण्डौ वाट फर्किन्थे नत्र उतै मर्थे कर्णाली नदि तरिदैनथ्यो त्यस्ता मान्छेलाइ नैपाले भन्थे हामि नेपाली भएको भरखरै हो र नेपाली भएको अनुभुति अझै पनि भएको छैन नेपाली हुन एउटा कर्णालीको पुल एउटा गेटा एयरपोर्ट र महेन्द्र राजमार्ग यो भन्दा वाहेक हामि नेपाली हुनमा के पाएकाछौं र जहिले पनि अहिले पनि हेपिएका छौ उहिलेपनि हेपिएका थियौ त्यसैले आगोले पोलेको आगोलेनै सेक्ने भनेर सुदूरपश्चिम प्रदेश राख्ने भन्ने सहमति भयो । र यो गरिमामय सदनले तवसम्म राखिरहन्छ जवसम्म हामि भौगलिक उत्पिडनमा रहिरहन्छौ हाम्रो भौगोलिक उत्पिडनको उनमुक्ति जुनदिन हुन्छ आर्कै नामपनि राखौला यो सदन त निरन्तर अभिछिन्न सदन हो यसले यसको नाम राम्रोपनि राख्न सक्छ । सुन्दर प्रदेश राख्न सक्छ अथवा अर्कै पनि राख्ला जसरि आज विधेयक परिवर्तन अर्को विधेयक आयो त्यो दिन फेरि विधेयक आउला तर जवसम्म हामि पिडित भईरहन्छौ जवसम्म हामि काडमाण्डौंका उपनिवेश भईरहन्छौ तव सम्म हाम्रो पहिचान सुदुरपश्चिम प्रदेश नै हो सभामुख महोदय त्यसैले हामिले हाम्रो पहिचान गुमाउने हैन । क्षतीपुर्तिसहित हामिले लिनका लागि संघिय सरकारसित लड्नका लागि आफ्नो भोटोलाइ हामिले कायम राखेका हौ त्यहि भोटो मार्फत लड्ने भनेर हामि सवै काग्रेंस कम्युनिष्ट एक भएका हौ । तर कतिपयको दुखेसो केछ भने यो नाम अर्कै नाम राखिदिएको भए जुलुस गर्नपाइन्थ्योकि यो राजधानि अन्तै गरिदिएको भए आगो वाल्न पाइन्थ्योकि भन्ने तत्व पनि अलिअलि देखिएका छन ति तत्व हरुले तेसो नसोचे हुन्छ । अखण्ड सुदुरपश्चिम प्रदेश भनेको थियो तर संघियता भित्र अखण्डै भयो हिमाल पनि छ पहाड पनि छ तराइ पनि छ भावर पनि छ लेक पनि छ सुदूरपश्चिम प्रदेश हिजो हेपिएको थियो भन्ने पहिचान पनि छ अव त्यो कुरा लुकाएर हुँदैन किन लुकाउने हामिलाइ थिचोमिचो गर्‍यो सुन्सरिको एउटा जिल्ला वरावरको वजेट नदिने मोरङको एउटा जिल्ला वरावर वजेट नदिने धनकुटाको एउटा जिल्लाको वाटोघाटो को वरावरको वजेट प्रदेश भरिलाइ नदिने पञ्चायत कालदेखि शोषण गरेर राख्ने थिचेर राख्ने करमात्रै उठाउने अनि सुदूरपश्चिमिको गाडिको नम्बर देखेपनि साइड नदिने त्यसैले याहाँका कतिपय साथिले वागमतिको न. हाल्दा रहेछन सेतिको नम्वर देखेपछि ड्राइभरले साइड नै नदिदो रहेछ यो त डोट्याल हो भन्दो रहेछ डोटिको गाडि यति हेपियौ यति च्यापियौ काठमाण्डौमा अनि हामिले नाम किन वदल्ने हाम्रो नाम यही ठिक छ जुन नामले हामिलाइ शोषण गरियो जुन नामले हामिलाइ हेपियो त्यहि नाम हाम्रो गौरवको विषय छ त्यहि नाम हाम्रो पहिचान भईसकेको छ पहिचान लाइ किन मेटाउने त्यहि भित्र थारु छ फेरि त्यहिभित्र गुरुङ छ त्यहि भित्र तामाङ छ त्यहि भित्र राना छ त्यहि भित्र दलित पनि छ त्यसैले त्यहि नाम राम्रो छ त्यसैले त्यो नाम सवै ऐनहरुमा लेखिनेछ यो विधेयक पास भएपछि र त्यो सवै अड्डा हरुमा लेखिनेछ र त्यो निकायले स्विकार गर्नुपर्नेछ त्यो कानुनी वाध्यता हुनेछ त्यसैले हाम्रो प्रदेशको नाम सुदुरपश्चिम प्रदेश नै हो भन्ने यो विधेयक छिटोभन्दा छिटो पारित होस भन्दै मेरो सुभकामना छ सुदुरपश्चिम वासिलाइ धन्यावाद नमस्कार ।

**माननीय भरत बहादुर खड्का :–** माननीय  सभामुख महोदय, केहि प्रदेश ऐन संशोधन गर्न वनेको विधेयक माथि हामि छलफल गर्दै छौ । मेरो यसमा धेरै टिका टिप्पणि छैन । यो स्वभाविक रुपमा आएको छ खालि म एउटैकुरा भन्न किन उभिएको छु भने यो सात नं. प्रदेश विभिन्न तहका ऐनमा लेखिएको कुरालाइ सुदूरपश्चिम लेख्न १८ दिन सदन बन्द गरिनु हुदैन थियो भन्ने मेरो गुनासो छ सभामुख महोदय यो २ घण्टामा ऐन संग्रह हेरेर प्रदेश नं. ७ लाइ सुदूरपश्चिम फलानो दफामा भनेर लेख्नु पर्थ्यो १८ दिन यसैका लागि लगाइयो त्यसैले यो २ घण्टामा हुने  काम १८ दिन लगाइयो भने यो किसिमका विधेयक ल्याउँदाखेरि १८ दिनका हिसाबले जोड्दा त धेरैदिनमा नसकिने १० वर्षमा नसकिने हाम्रो आयो ३.५ वर्ष छ त्यसैले मेरो सरकारलाइ आग्रह के छ भने हामिले बारम्बार के भनेका छौ भने महत्वपुर्ण विधेयक हरु के हुन संघिय सरकारसंग पनि लडाइ लड्नुपर्छ भनेपनि हामि सुदूरपश्चिमको साथमा १ ढिक्काएर लाग्छौं नेपालकको संविधानले अनुसुचिहरु तोकेका छन अधिकार क्षेत्रको रुपमा साझा अनुसुचिहरु पनि छन र संविधानले सबैकुरा बोल्दैन र प्रदेश र स्थानिय सरकारलाइ कुन ढंगले व्यवस्थापन गर्न खोजेको हो र त्यसवाट केदिन खोजेको हो भन्ने कुरालाइ ऐनवाट प्रष्ट गर्नुपर्छ र जाहाँसम्म मलाइ लाग्छ यसै तरिकाले प्रदेशलाइ राख्यो भने प्रदेशको भुमिका अत्यन्त कमजोर भएको छ म प्रतिपक्ष सदस्यको नाताले हैन प्रदेशलाइ वलियो बनाउनुपर्छ प्रदेश लाइ प्रभावकारि ढंगले अगाडि वढाउने सवालमा जानुपर्छ त्यसैले गर्दाखेरि ति ऐनहरु ल्याउने र ऐनहरु ल्याएर ऐन पासगर्ने सवालमा र यो सेशन हो मात्र नभन्ने ऐन पासगर्दै श्रीयातिमा राख्ने हैन त्यो ऐनको मुलमर्म र भावना अनुसार प्रभावकारि ढंगले ऐनको आधारमा अगाडि वढ्ने सुशासन ऐन ल्याउने हामि कुसाशन तिर लाग्ने यस्तो कुराले मेल खादैन यो सुदुरपश्चिम जो राख्ने कुरामा हाम्रो  यसमा शत प्रतिशत सहमति छ संशोधन हुनुपर्छ किनभने अव पारित गरिसकेको कुरा हो यो पारित गरिसकेका हुनाले  त्यो भन्दा अगाडी ७ न. प्रदेश लेख्या हुन्यालाइ खालि ७ न. प्रदेश भएको ठाउमा सुदूरपश्चिम भर्ने ठाउँ हो अव यो १८ दिन यसको अर्को विधेयकमा नलागोस र छिटो भन्दा छिटो सरकारले यस्ता कुराहरुलाइ समयमा ल्याउने १८ दिन त गएनि यो सभासदको अर्को सुचना जारि नहुन्जेल सम्म भनेर यो सुचना जारि छ यदि टाइममा सदन खोल्न सक्छ त्यसैले कि यति गते भित्र भनिदिएको भए राम्रो हुने थियो त्यसैले यस्ता कुराहरुमा सरकारले चाहिने सजक भएर यि कुराहरुलाइ यति विलम्व नगरि कन यउटा युवकै युवक हरुको सरकार छ गति लिनु पर्छ त्यसमा नेपालि काँग्रेसको साथ हुन्छ र यसलाइ संशोधन गर्नेकुरामा हाम्रो कुनै विमती छैन धन्यावाद ।

**माननीय बलदेव रेग्मी :–** माननीय सभामुख महोदय, केही प्रदेश ऐन संसोधन गर्न वनेको विधेयक सरकारले सदनमा पेस गरेको छ यो स्वागत योग्य विषय हो । र अन्य ऐन ल्याउने क्रममा पनि यो ऐन ल्याउन ढिलाइ भएको अवस्था रहन सक्छ विशेष गरेर हामिले प्रदेशको नामाकरण राजधानी यस सभावाट धेरै समय अगाडि नै पास गरिसकेका छौ जुन नेपालको संविधानको अनुसार नै यो प्रदेशको २ तिहाइले पारित गरिसकेको निर्णय नै हो र अहिले कयौ ठाउमा वोलिचालिको भासामा ७ नंवर नै भन्ने गरिराखेको छ त्यो छाप छोड्न सकेको अवस्था छैन हामिले समयमै यसको नामाकरण गरिसकेका छौ । यसलाइ अझपनि सस्थागत गरेर वढाउन आवस्यक छ र त्यस्तै यो राजधानीको नामाकरण भन्दा अगाडी वनेका ऐन हरु यहाँ १५ वटा ऐन हरुमा संसोधन गर्नुपर्ने उल्लेख भएको मा सुदूर पश्चिम प्रदेश वनाउन आवस्यक देखिएकोले यो ऐन ल्याएको छ । यसलाइ म पुर्ण समर्थन गर्दै मेरो भनाइ यहि राख्न चाहन्छु हवस्त धन्यावाद ।

**माननीय कृष्ण बहादुर चौधरी : –**  **माननीय सभामुख महोदय (नेपाल सरकारको मान्यता प्रापत लिपि नभएको र केन्द्रमा पनि  यहि परिपाटि भएकोहुदा सोहि अनुसार )**

***(बोलिसके पछि)***

**९. माननीय सदस्यहरू,**

**“केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६”** माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ ।

**१०. माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **“केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६”** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

**माननीय प्रकाश बहादुर शाह :–** माननीय सभामुख महोदय **“केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६”** माथिको माननीय सदस्य ज्यु हरुका केहि जिज्ञासा हरु उठेका छन त्यसैगरेर अव मलाइनै यो प्रदेशको आन्त्रीक मामिला तथा कानुन मन्त्री माथि यो सदनको वरिष्ट माननीय सदस्य ज्युले माननीय भरत खड्का ज्युले केहि प्रश्नहरु सुन्ने समयमा उठान गर्नुभएको छ जो अहिले नै आज नै म त्यस विषयमा

**माननीय सभामुख ज्यु :–केहो माननीय ज्यु । माननीय भरत खड्का :–**सभामुख महोदय, निस्चित रुपमा सुन्ने समय फरक विषय हो र उहाको अहिले जवाफ दिने भनेको कार्यसुची अनुसार **“केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६”** माथि मात्र उहाको जवाफ हुन्छ कार्य सुचि र संसदिय मान्तका आधारमा यो विषयमा उहाले सभामुख संग छुट्टै समय मागेर मात्रै उत्तर दिने गर्नुपर्छ यो उहाँको कार्यसुची भित्र छैन त्यसैले यसमा मेरो सभामुख ज्युलाई मेरो अनुरोध छ धन्यवाद ।

**माननीय प्रकाश बहादुर शाह :–** माननीय सभामुख महोदय, माननीय सभामुखको अनुमतिले म वोल्न चाहान्छु यस विषयमा मैले अनुमति नलिदै अव याहाँले नि यसमा आपत्ती गर्नुभयो यसमा हाम्रो भन्नु केहि छैन अनुमति मिल्छ भने माननीय सभामुख महोदय यस विषयमा म केहि स्पष्ट पार्न चाहान्छु

**(माननीय सभामुख ज्यु : – यो विषय प्रसंगलाइनै अगाडि वडाउ मन्त्री ज्यु)**

**माननीय प्रकाश बहादुर शाह :–** माननीय सभामुख महोदय, हाम्रो प्रदेशका प्रचलित ऐनमा सम सामईक सुधार गर्न यहि प्रदेश ऐन संशोधन गर्न आवश्यक भएकोले यो ऐनमाथि हामि सैद्धान्तिक छलफल गर्दै छौ माननीय सदस्यज्युहरुका महत्वपुर्ण सुझाव यहाँ उठान भएका छन प्रस्तुत भएका छन खास गरेर प्रदेश सरकार गठन भए यता यो प्रदेशको नामाकरण स्थाइ राजधानीको टुङ्गो लाउने काम को अवधि सम्म जतिपनि ऐन हरु यो प्रदेश सभाले पारित गर्‍यो लगभग प्रदेश न. ७ को प्रदेशको कार्यविधि ऐन २०७४ देखि लिएर विनियोजन ऐन २०७५ सार्बजनिक लेखित प्रमाणिकरण ऐन २०७५ स्थानिय तहको कानुन निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ स्थानिय तहका प्रतिनिधि तथा पदाधिकारिको सुविधा सम्बन्धी ऐन २०७५ आर्थिक ऐन २०७५ लगायत प्रदेश सभाको पदाधिकारि तथा सदस्य हरुको पारिश्रामिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन २०७५ लगभग १६ वटा ऐन सम्मानित प्रदेश सभाले पारित गरिसकेको थियो । हामिले यो प्रदेशको स्थाइ राजधानि र नामकरण गर्वका साथ भन्न सक्छौं सर्वसम्मत ढंगले हामिले टुङ्गो लगाएका थियौ सुदूर पश्चिम हाम्रो पहिचान हो हुन त याहाँ मानस खण्ड प्रदेश कञ्चन खप्तड प्रदेश खसान प्रदेश थारुवान प्रदेश सेति माहाकाली प्रदेश अपि सैपाल प्रदेश जस्ता थुप्रै हाम्रा ऐतिहासिक धार्मिक र चाहि हाम्रा महत्वका नदि हरु र तिर्थ स्तल हरु हाम्रा पर्यटकिय गन्तव्य हरु हाम्रा इतिहासका धरोहर हरुलाइ नामाक्रण का निम्ती सम्मानित प्रदेश सभामा प्रस्ताव नउठेको हैन वृहत ढंले छलफल नभएको हैन तर हामि सवै के टुङ्गोमा पुग्यौ भने जसरि एउटा उत्पिडनको सिकारमा यो प्रदेश पर्‍यो यो प्रदेशका नागरिकहरु परे विगतका शासन व्यवस्थामा त्यसैले यो आन्दोलनको नाम पनि हो यो सुदूरपश्चिम यो अधिकारका निम्ति जागरित एउटा भुगोलको नाम पनि हो यो सुदूरपश्चिम भन्ने निर्स्कसमा हामि पुग्यौ र सर्व सम्मत ढंगले यो प्रदेशको नामाकरण सुदूरपश्चिम प्रदेश भनेर प्रदेश सभाले पारित गरेको कुरा म निवेदन गर्न चाहान्छु माननीय सदस्यज्युहरुका सुझावहरु माननीय छन अत्यन्त विचारणीय छन यि सबै कुराहरुलाइ ध्यानमा राखेर यि कुराहरुलाइ समावेश गरेर यसको महत्वलाइ ह्रदयाअंगन गरेर यो विधेयक पारित हुनेछ भन्ने कुरामा हामिलाइ विश्वास छ यसमा सवैको भुमिका सम्मानीय सदनको भुमिका छिटै अव यो वर्खे अधिवेशन लाइ टुङ्ग्याउँदै महत्वपुर्ण विधेयकहरुलाइ पारित गर्दै हामिले अगाडि वढ्नु पर्दछ भन्नेकुरामा हामि सबै चिन्तित छौ र हामि सवै सचेत छौ र यस ढंगले अगाडि जाओस छिटो यसलाइ पारित गर्ने पक्रियामा यो सम्मानित सदनले यसलाइ अगाडि वढाओस भन्नेकुरा म निवेदन गर्न चाहान्छु धन्याबाद ।

*(जवाफ दिएपछि)*

**११. माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम विधेयकमाथि संशोधनको सुचना दिन सकिने म्याद सामान्य छलफल सकिएको मितिले ७२ घण्टा निर्धारण गरेकोले प्रस्तुत विधेयक माथिको बाँकी कारवाही उक्त म्याद समाप्त भए पश्चात मात्रै हुने व्यहोरा जानकारी गराउछु ।

*(जानकारी गराएपछि)*

**१२. माननीय सदस्यहरू,**

**"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

**१३. माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यहि समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल श्रावण २८ गते मंगलबार दिउसो ३:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।